# शितगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

च.नं. २०२६ | मिति २०७९/२/३०

विषय :- वडागत वार्षिक कार्यक्रम तयारी (वजेट सिलिङ्ग) सम्बन्धमा ।

श्री शितगंगा नगरपालिका

०/ल

१-१४ वडा कार्यालय, ..शितगंगा......अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा त्यस वडा अर्न्तगत आगामि आ.व. २०७९/०८० को लागि तोकिएको ढाँचामा तपशिलका मापदण्ड/मार्गदर्शनको अधिनमा रही योजना/कार्यक्रम प्रस्ताव गरी मिति २०७९ आषाढ ६ भित्रमा यस कार्यालयमा पेश गर्नुहुन निर्णयानुसार अनुरोध छ । साथै वडा नं. ७, ९, ११ र १४ ले प्रतिवडा रु ६५ लाख सम्म र बाँकी वडाहरुले प्रतिवडा रु ६० लाख सम्मको कार्यक्रम बनाई पेश गर्न समेत अनुरोध छ ।

**योजना कार्यक्रम प्रस्ताव गर्दा अपनाउनु पर्ने मार्गदर्शनहरु**

१ कार्यक्रमलाई पूर्वाधार विकास तर्फ (सडक, सिचाई, खानेपानी, भवन, उर्जा,), आर्थिक क्षेत्र (कृषि, पशु, पर्यटन, सहकारी, उद्योग), सामाजिक विकास (शिक्षा स्वास्थ्य एवं सरसफाई, संस्कृती, समावेशी, खेलकुद), वातावरण तथा विपद तर्फ (वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण जलवायु परिर्वतन, फोहो मैला व्यवस्थापन, जल उत्पन्न, विपद), संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फ (सामान्य सेवा, सुरक्षा, सूचना संचार, पंजिकरण, तत्थ्याङ्क संकलन, शुसासन, अनुसन्धान, अन्यत्र वर्गिकृत नभएका) आदि क्षेत्रगत रुपमा अलग अलग तयार गर्नु पर्नेछ ।

२. सडक क्षेत्रका कार्यक्रम प्रस्ताव गर्दा सडकको वर्तमान अवस्था, गर्नुपर्ने काम लाभान्वित जनसङ्ख्या /घरधुरी चालु आ.व मा भएको कामको प्रगति, निजी जग्गाबाट सडक जाने भएमा सम्भावित Alligrment मा पर्ने जग्गा उपलब्ध हुने सुनिश्चिता हुनु पर्नेछ । जग्गा उपलब्ध हुने सुनिश्चिता नभएमा स्तरोन्नतिको त्यस्तो सडक वार्षिक कार्यक्रममा समावेश गरिने छैन । आगामी आ.व.मा नयाँ ट्र्याक निर्माण गरिने छैन ।

३.सडक लगायतका योजनामा कार्यान्वयन गर्ने (Modality) ढाँचा (ठेक्का पट्टा उपभोक्ता समिति ) खुलाउनु पर्नेछ । उपभोक्ता समितिबाट काम गराउने ढाँचामा उ.स. को योगदान नगद वा जिन्सी काममा कम्तिमा कुल बजेटको ५% उपलब्ध हुने सुनिश्चिता भएको हुनु पर्नेछ ।

प्रशासकीय अधिकृत

४.योजना कार्यान्वयन गर्दा स्थानीय स्तरमा रोजगारी श्रृजना हुने स्थानीय सीप श्रमको प्रयोग हुने, पिछाडिएको समुदाय/क्षेत्रलाई फाईदा पुग्ने र गरिवी निवारणमा सहयोग पुग्ने खालको हुनु पर्नेछ।

५. कार्यक्रम/योजना लक्ष्य अनुसार एक आर्थिक वर्षमा सम्पन्न हुने खालको हुनु पर्नेछ।

६. क्षेत्रगत कार्यक्रमको अलग अलग शिर्षकगत रुपमा छुट्याउनु पर्नेछ।

७ .सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम ठूला स्तरका मेशिन डोजर उपकरण प्रयोग गर्नुपर्ने र जटिल खालका संरचना निमार्ण गर्नुपर्ने निर्माण कार्य उपभोक्ता समितिबाट गर्ने गरी प्रस्ताव गर्न पाइने छैन्। लाभग्राही समुदायबाट कार्य गराउदा सार्वजनिक खरिद नियमावली एघारौं संसोधन मा भएको व्यवस्था बमोजिम कार्यान्वनयन गर्नु पर्ने छ।

८. कार्यक्रम प्रस्ताव गर्दा प्राथमिकता किटान भएको हुनुपर्नेछ। प्राथमिकता नतोकिएमा सो को जिम्मेवारी वडा कार्यालय हुनेछ।

१०. कार्यक्रम प्रस्तुत गर्दा अनुमानित बजेट रकम खुलाउनु पर्नेछ। आगामी आ.व.मा भुगोलका आधारमा वडालाई रु ६० र ६५ लाख सम्म वजेट उपलब्ध हुन सक्ने छ। सो को अधिनमा रही वजेट तर्जुमा गर्नु पर्ने छ। बजेट तर्जुमा गर्दा आर्थिक विकासमा न्यूनतम रु ५ लाख, सामाजिक विकासमा न्यूनतम रु ३ लाख, पूवाधार विकासमा कम्तिमा ३० लाख र वातावरण विपद् , सस्थागत सुधार शिर्षकमा कम्तिमा रु ३ लाख विनियोजन गर्नु पर्ने छ।

९.नगरपालिका, प्रदेश सरकार र संघीय सरकारसँग माग गर्ने आयोजनाको निम्न ढाँचामा प्रस्ताव गर्नु पर्नेछ।

| प्राथमिकता क्र.स | वडा नं. | आयोजनाको नाम | माग गर्ने निकायको नाम | कैफियत |
|---|---|---|---|---|
| | | | | |

१०.आयोजनाहरु बस्ती स्तरको छलफलबाट माग प्रस्ताव भई आएको हुनु पर्नेछ। वडा सदस्यहरुको उपस्थितिमा बस्ती स्तरमा छलफलबाट भएको हुनु पर्नेछ।

११.वस्तीस्तर एवं वडास्तरबाट आयोजना छनौट गर्दा महिला, दलित, आदिवासी /जनजाति, अल्पसंख्यक/सिमान्तकृत,अपाङ्गता भएका, वडामा कार्यरत सक्रिय विभिन्न विकास साझेदार, सामाजिक संस्था, राजनैतिक दलहरु आदिलाई आमन्त्रण गरी सहभागिता गराउनु पर्नेछ।

१२ वडामा उपलब्ध गराईएको वजेट शिलिङ्गको कम्तीमा ८० प्रतिशत रकम पूर्वाधार क्षेत्रको विकासमा अनिवार्य रुपमा विनियोजन गर्नु पर्ने छ।

१३ योजना छनौट गर्दा ठुला योजना निर्माणलाई प्राथमिकता दिनुको साथै अधुरा योजनाहरुलाई समेत प्राथमिकता दिनु पर्ने छ।

प्रशासकीय अधिकृत

१४. कार्यक्रम छनौट गर्दा वडा सदस्यको संयोजनमा (वडालाई ४ कलष्टरमा विभाजन गरी) बस्ती स्तरमा सम्बद्ध सरोकारवालाहरुको व्यापक सहभागितामा छलफल गराई आयोजना/कार्यक्रमको माग संकलन गर्नु पर्नेछ। भेलाको निर्णय सहितको माइन्यूटको फोटोकपी सहित पेश गर्नु पर्ने छ।

## आयोजना प्राथमिकी करणका आधारहरु:-

आगामी आ.व.०७९/०८० को लागि वार्षिक आयोजना प्राथमिकता गर्न निम्न आधारहरु अवलम्बन गरिएको छ।

१ निर्मित पुर्वाधारहरुलाई दिगो व्यवस्थापन मार्गदर्शन रुपमा संचालन गरिने।

२ नगरगौरवका आयोजनालाई उच्च प्राथमिकीकरणका साथ सञ्चालन गरिने।

३. पूर्वाधार निर्माणलाई उच्च प्राथमिकता दिइने।

४ रोजगारी एवं स्वरोजगारीका उच्च संभावनायुक्त क्षेत्रहरु कृषि, पशुपालनलाई विशेष प्राथमिकरण गरिने।

५ निर्मित संरचनाहरु (विद्यालय, स्वाथ्यचौकी, खानेपानी आयोजना आदि) को मर्मत संभार एवं संचालनलाई विशेष महत्वका साथ संचालन गरिने।

६ कृषि र पशुपालन व्यवसायमा आधारित प्रत्येक वडामा स्थापना भएका सहकारी संस्थाको संस्थागत विकास गरिने।

७ महिला/आदिवासी जनजाती/अपाङ्ग/दलित/जेष्ठ नागरिक जस्ता लक्षित कार्यक्रमहरुको प्रभाव देखिने गरी संचालन गरिने।

८ स्थानीय श्रम सीप स्रोत र साधनको अधिकतम परिचालन गरिने।

९. नगरवासीहरुको हितकल्याणका लागि विभिन्न खालका सामाजिक कल्याण तथा सुरक्षाका कार्यकमहरु संचालन गरिन।

१०. रोजगारी श्रृजनाको लागि उद्ययमशिलता कार्यकम संचालन गरिन।

## योजना कार्यक्रम प्रस्ताव गर्दा क्षेत्रगत अपनाउनु पर्ने मार्गदर्शनहरु

(क) **पूर्वाधार सम्बन्धी :-**

१. निर्मित पूर्वाधारको (सडक) स्तरोन्नती गरी सवै मौसममा सवारीका साधन संचालन हुन सक्ने बनाइने छ।

२ निम्न सडक पूर्वाधारहरुलाई नगरको गौरवको आयोजनाको रुपमा संचालन भई रहेकोलाई निरन्तरता दिईने छ।

क. सितापुर सुवर्णखाल नेटापोखरा सडक (सहिद यज्ञ मिन स्मृती मार्ग)

ख. ठाडा- अमराई - जुकेना - देउराली - ऐरावती सडक (पतञ्जली मार्ग)

ग चाक्ला - बोहखर - पाँकुरी हुँदै धानखोलो सडक

घ पिपरा सिमलपानी भेडामारे चाक्ला चिदिचौर सातमारा भालुवाङ्ग (सहिद कृष्णसेन इच्छुक स्मृती मार्ग) - चाक्ला देउराली विकम सडक खण्ड

३ नगरपालिकाको भवन निर्माणको सम्पूर्ण कार्य आगामी वर्ष भित्र सम्पन्न गर्ने गरी स्रोत विनियोजन गरिनेछ।

४ वडा कार्यालयबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन बाँकी वडा कार्यालाय भवन निर्माण कार्य प्रारम्भ गरी सम्पन्न गरिनेछ।

५ नगरभित्र उत्पादित कृषि उपजको संरक्षण एवं कृषि क्षेत्रमा व्यवसायिकरणको लागि निजी र सरकारी क्षेत्रको साझेदारी अवधारणामा (कोल्ड स्टोर्स) शितगृह निर्माणको संभाव्यता अध्ययन गरिनेछ।

६ सवै बस्तीहरुमा खानेपानी एवं सरसफाई सुविधा प्राथमिकताको आधारमा संचालन गरिनेछ।

प्रशासकीय अधिकृत

७ कृषिको व्यवसायिकरणको लागि जनसहभागितामा आधारित सिंचाईको प्रवर्द्धन गरिनेछ ।

८ टोल वा बस्तीका ग्रामिण सडकहरुको स्तरोन्नतीको लागि लाभान्वित समुदायबाट ५ प्रतिशत श्रमदान सुनिश्चितता हुने गरी ९५ प्रतिशत रकम नगरपालिकाबाट व्यवस्था गरिनेछ ।

९ छरिएको वस्तीलाई व्यवस्थित गरी पूर्वाधार निर्माण एवं आधाभूत सेवा प्रवाहमा सुनिश्चिताको लागि एकिकृत वस्ती विकासको लागि नेपाल सरकार, प्रदेश सरकार संगको समन्वयमा अगाडी बढाईने छ ।

## (ख) आर्थिक विकास

१ कृषिको माध्यमबाट आय आर्जन एवं स्वरोजगार विकासको लागि विशेष प्राथमिकता दिइनेछ ।

२ प्रत्येक वडामा कम्तिमा एक कृषि उपजको पकेट क्षेत्र संचालनको कार्यक्रमलाई थप विस्तार गरिनेछ ।

३ उत्पादनमा आधारित अनुदान वितरणलाई गत विगतको सिकाईबाट कार्यविधिमा परिमार्जन गरी थप प्रभावकारी हुने गरि निरन्तरता दिईनेछ ।

४. समुदायमा आधारित कृषि उपजको बजारीकरणको लागि निर्माणाधिन कोसेली घरको भरपुर उपयोग गरी वजारीकरणको व्यवस्था गराईनेछ ।

५. पशु विकास कार्यक्रमलाई विशेष प्राथमिकता दिइने छ । पशु विकासको लागि गोठ/खोर सुधार जस्ता कार्यक्रमलाई निरन्तरता दिदैं नगरवासीलाई प्रमुख आय आर्जनको माध्यम बनाईने छ ।

६. सहकारीको प्रवर्द्धन गरी कृषि एवं पशु पालनमा सहयोग पुऱ्याइने छ ।

७. कृषि र पशु विकास मार्फत उत्पादन बढाई आत्मनिर्भर बनाउन कृषकलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन एक वडा एक कृषि वा पशु प्राविधकको व्यवस्था मिलाईने छ ।

## (ग) सामाजिक सेवा

१ सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि शिक्षक दरबन्दी मिलान विद्यालयहरु मर्ज, शिक्षक तालिम जस्ता कार्यक्रमहरुलाई आवश्यक्ता अनुसार निरन्तरता दिईने छ ।

२ प्रत्येक वडामा लिडिङ विद्यालय तोकी सो को संयोजनमा अन्य विद्यालयहरु वीच विद्यार्थी अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।

३ शिक्षा गुणस्तर सुधारको लागि विद्यालयमा पठनपाठनको निरन्तरता नियमितता, शिक्षकहरुको हाजिरी नियमित उपस्थिति आदिमा सुधारको लागि वडा समितिमा र विद्यालयको नियमित मासिक वैठक गरिनेछ ।

४ विद्यालयको भवन, पुस्तकालय, प्रयोगशाला, शौचालय, फर्निचर जस्ता आधारभुत पूर्वाधारमा लगानी बढाइने छ ।

५ शैक्षिक गुणस्तर सुधारको लागि नगरभित्रका विद्यालयको उत्कृष्ठ विद्यालय एवं शिक्षक छनौट गरी पुरस्कृत एवं नगर शिल्ड उपलब्ध गराइने छ ।

७ नगर भित्र संचालन हुने सवै खेलकुदको लागि शिक्षा तथा खेलकुद शाखाबाट वार्षिक कार्यक्रम बनाई एकद्धार नीतिको माध्यमबाट खेलकुदको विकासमा सहयोग पुऱ्याइनेछ ।

८ प्रत्येक वडामा कम्तिमा एउटा विद्यालयमा अग्रेजी माध्यमबाट पठन पाठन संचालनको लागि करार सम्झौता गरिनेछ ।

९ यस नगरपालिकाका ३५ वर्ष माथिका एकल महिला, ४० वर्ष माथिका एकल पुरुष र ग वर्गका अपाङ्गलाई मासिक भत्ताको व्यवस्थालाई निरन्तरता प्रदान गरिने छ ।

प्रशासकीय अधिकृत

१० नगर भित्र संचालनमा रहेका विद्युतिय लिफ्ट खानेपानी योजनाहरुको ७५ प्रतिशत विद्युत महशुल नगरपालिकाबाट भुक्तानी हुने व्यवस्था गरिने छ । समय सापेक्ष कार्यविधि परिमार्जन गरिने छ ।

## (घ) बन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन

१ पूर्वाधार निर्माणमा खासगरी सडक निर्माणलाई वातावरण मैत्री बनाइने छ ।

२ विपद न्यूनीकरणका, वातावरण संरक्षणको लागि व्यापक रुपमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

३ हरेक वर्ष निर्माण भई रहेका रिचार्ज पुर्नभरण पोखरी निर्माणको कार्यलाई थप गरी वातावरण संरक्षण गरिने छ ।

४ पानीका मुहान, पोखरी, ताल, तलैया संरक्षणमा विशेष लगानी गरिने छ ।

५ विपद व्यवस्थापनको लागि विपद् व्यवस्थापन कोषमा प्रयाप्त रकमको व्यवस्था गरी विपद् व्यवस्थापन कार्य विधिको मापदण्ड बमोजिम एकद्वार माध्यमबाट विपद् परेकाको तत्काल उद्धार राहत र सहयोगको कार्यक्रम संचालन भई रहेकोलाई निरन्तरता दिईने छ ।

६. नर्सरी स्थापना गरी वृक्षारोपण कार्यकमलाई व्यापक वनाईने छ ।

७. सवै सामुदायिक वन उपभोक्ता समितिलाई नगरपालिकामा आवद्ध गराईने गरिने छ, नगरपालिकाबाट सा.व.को वार्षिक कार्यकम र वजेट स्वीकृत नगराई सा.व.हरुले कुनै पनि क्रियाकलाप सञ्चालनमा रोक लगाईने छ ।

## (ङ) सुशासन तथा संस्थागत विकास

१ सार्वजनिक खर्चलाई उत्पादन मुलक बनाउन आन्तरिक नियन्त्रण सम्बन्धी कार्यविधि बनाइ लागू गरिनेछ । कर्मचारीहरुको आचार संहिता लागू गरिनेछ । पदाधिकारीहरुको लागि पारित मापदण्डको व्यापक प्रचार प्रसार गरिनेछ ।

२ कार्यपालिकाको निर्णय ४८ घण्टा भित्र सार्वजनिक गरिनेछ ।

३ प्रत्येक महिनाको आयव्यय विरवरण सार्वजनिक गरिनेछ । कार्यालयमा गुनासो पेटिका, गुनासो सुनुवाई संयन्त्र एवं नागरिक वडापत्र अध्यावधिक गरिने छ । उक्त अभ्यासलाई वडातह सम्म संस्थागत गरिनेछ ।

४ वार्षिक खरिद गुरुयोजना तयारी गरी सोही बमोजिम खरिद व्यावस्थापन गरिनेछ ।

५ लक्षित कार्यक्रम, सीपमुलक तालिम जस्ता कार्यक्रमहरु प्रभावकारी हुने र परिणाम देखिने गरी संचालन गरिनेछ ।

६ न.पा. तथा वडा बाट खरिद भएका जिन्सी सामग्रीहरुको अभिलेख सार्वजनिक गरिनेछ ।

७ जनप्रतिनिधि एवं कर्मचारी/उपभोक्ता समितिहरुको क्षमता विकासको लागि क्षमत विकास कार्यक्रम संचालन गरिनेछ ।

२०७९/०२/३०
प्रमुख प्रशासकीय अधिकृत